आज मिति २०८१ पुष २८ गते आईतबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, **श्री कोन्जो तेन्जीङ लामा** ज्यूको अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

<u>तपसिल</u>

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | | **अन्य उपस्थिति** | |
| १५ | श्री लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | श्री खडक बोहरा | सहायक पाचौं (प्रशासन) | |
| १७ | श्रीरुपा ~~के.सी.~~ वली के.सी. | लेखापाल | |
| १८ | श्री बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |
| १९ | श्री दिपेन्द्र शाही | वडा सचिव | |
| २० | श्री गिता बुढा | स.म.वि.नि. | |

CamScanner

**प्रस्तावहरु :**

१. मिति २०८१।०८।०३ गतेको गाउँ कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्वन्धमा ।

२. गाउँपालिकाको संस्थागत क्षमता तथा स्वमूल्याङ्कनको नतिजा सम्वन्धमा ।

३. कार्यविधि, मापदण्ड, निर्देशिका तथा दर रेट सम्वन्धमा ।

४. मनाङ मर्स्याङ्दी जलविधुत आयोजनासंग CSP (community support Project) सम्वन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०७।१४ गते बसेको बैठक एवं विगतमा बसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

स्थानीय तहको कार्य प्रकृया र उपलब्धीहरुको बारेमा लेखाजोखा गरी सवल र दुर्बल पक्षहरुको पहिचान गर्न, विकास तथा सुशासनमा रहेका कमजोरीहरुको जानकारी लिन, आवधिक समिक्षाको लागि आधार प्राप्त गर्न र गाँउपालिका तथा नगरपालिकाहरुको विचमा तुलनायोग्य सूचकहरु तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ ले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको लागि विभिन्न विषयक्षेत्रहरु निर्धारण गरेको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधी अनुसार यस नार्पा भूमि गाँउपालिकाले आ.व. २०८०/०८१ मा सम्पादन गरेका कार्यहरुको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध गराईएको सूचना प्रविधिमा आधारित ढाँचा अनुसार स्वमूल्याङ्कन, वातावरण संरक्षण तथा विपद व्यवस्थापन तथा उक्त नतिजा कार्यालयको वेभसाईट तथा सूचना पार्टि मार्फत सार्वजनिक गर्ने साथै उक्त नतिजा जिल्ला समन्वय समिति, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखरा र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | स्वमूल्याङ्कनका विषय क्षेत्र | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८८.८९% | |
| २ | संगठन तथा प्रशासन | ८ | १००% | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ९०.९१% | |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १००% | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ५ | सेवा प्रवाह | १६ | ७१.८८% | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | १००% | |
| ७ | भौतिक पूर्वाधार | १३ | ५७.६९% | |
| ८ | सामाजिक समावेशीकरण | १० | ०% | |
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | २७.७८% | |
| १० | सहकार्य र समन्वय | ६ | ८.३३% | |
| | कुल जम्मा प्राप्ताङ्क | १०० | | |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँपालिकाको समग्र कामकाजलाई सरल, सहज, पारदर्शी, प्रभावकारी, नियम संगत सञ्चालन गरि गाउँपालिकाको लक्ष्य तथा उदेश्य प्राप्त गर्न तपसिलका ऐन, कार्यविधि, मापदण्ड तथा निर्देशिका देहाय बमोजिम गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | विवरण | निर्णय |
|---|---|---|
| १ | सार्वजनिक सेवा प्रवाह मापदण्ड, २०८१ | पारित |
| २ | साना तथा लघु जलविधुत परियोजना संचालन ऐन, २०८१ | गाउँसभामा पेश गर्ने |
| ३ | कामदारको दैनिक ज्यालादर तथा ढुवानी दररेट | गाउँसभामा पेश गर्ने |
| ४ | आन्तरिक नियन्त्रण प्रणली निर्देशिका, २०८१ | पारित |
| ५ | घर नक्शा पास सम्बन्धी मापदण्ड, २०८१ | विद्यायन समितिमा पेश |
| ७ | विज्ञ तथा सल्लाहकार नियुक्ति सम्बन्धी कार्यविधि, २०८१ | पारित |
| ८ | कर्मचारी सम्मान तथा पुरस्कार सम्बन्धी कार्यविधि, २०८१ | पारित |

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस चामे गाउँपालिका स्थित वडा नं. ३ मा निर्माणाधीन **मनाङ मर्स्याङ्दी जलविधुत आयोजनासंग** CSP (community support Project) र १०% प्रभावित शेयरको सम्बन्धमा जिल्लाका सबै स्थानीय तहलाई समावेश गर्नुपर्ने र सबैले समान रुपमा प्राप्त गर्नुपर्ने सम्बन्धमा छलफल अगाडी बढाउने निर्णय गरियो ।

आज मिति २०८१ माघ १८ गते शुक्रवार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, श्री कोन्जो तेन्जीङ लामा ज्यूको अध्यक्षतामा बसेको बैठकमा उपस्थिति तपसिल बमोजिम रह्यो ।

**तपसिल**

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री शुशिल लम्साल | सदस्य सचिव | |
| | अन्य उपस्थिति | | |
| १५ | लक्ष्मण गौली | इन्जिनियर (सातौं) | |
| १६ | श्री खडक बोहरा | प्रशासन सहायक | |
| १७ | श्री बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |

CamScanner

**प्रस्तावहरु :**

१. मिति २०८१।०९।२८ गतेको गाउँ कार्यपालिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।

२. प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि सव-इन्जिनियर करार सेवामा नियुक्ति गर्ने सम्बन्धमा ।

३. लेखा समिति कार्य सञ्चालन निर्देशिका, २०८१ पारित गर्ने सम्बन्धमा ।

४. बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने सम्बन्धमा ।

५. कार्यक्षेत्रगत शर्त (TOR) र लागत अनुमान स्वीकृत गर्ने सम्बन्धमा ।

६. नार्पा भूमि गाउँपालिका जनप्रतिनिधि/कर्मचारीको सामूहिक दुर्घटना बिमा कार्यविधि, २०८१ पारित सम्बन्धमा ।

७. नार्पा भूमि गाउँपालिकाको शिक्षा क्षेत्र पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) पारित सम्बन्धमा ।

८. कक्षा १ देखी ५ सम्मको स्थानीय पाठ्यक्रम निर्माण र नार्पा शाब्दु नाचगान प्रशिक्षण सम्बन्धमा ।

९. बेरुजु फछ्यौट सम्बन्धमा ।

१०.गाउँपालिका र वडास्तरको वडापत्र स्वीकृत गर्ने सम्बन्धमा ।

११.योजना फरफारक सम्बन्धमा ।

१२.अपाङ्गता परिचयपत्र वितरण समन्वय समिति गठन गर्ने सम्बन्धमा ।

१३.सशस्त्र प्रहरी बल नेपाल, ३२ नं. गुल्म, मनाङको भुक्तानी सम्बन्धमा ।

१४.विभिन्न दरहरु तथा जिल्ला भित्रका स्थानहरुको दुरी कायम सम्बन्धमा ।

१५. स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने सम्बन्धमा ।

१६. काङ्गा गुरु हिमाल आरोहण खुल्ला गर्न पहल गर्ने सम्बन्धमा ।

१७. योजना सम्झौता सम्बन्धमा ।

१८. मोटरसाईकल वर्कशप तालिम सम्बन्धमा ।

१९. गाउँ सडक योजना निर्माण गर्ने ।

Scanned with CamScanner

CamScanner

२०. नार्पा भूमिको इतिहास तथा विकास अध्ययन गर्ने ।

२१. कृषि सम्भाव्यता अध्ययन गर्ने ।

२२. डोजर अपरेटर करार सेवामा नियुक्ति गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको मिति २०८१।०७।२८ गते बसेको बैठक एवं विगतमा बसेका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा नार्पा भूमि गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तंगत १ जना प्राविधिक कर्मचारी सब. इन्जिनियर करार सेवामा नियुक्ति गर्नका लागि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालयबाट पेश भएको लेखा समिति कार्य सञ्चालन निर्देशिका, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा बजेट तथा कार्यक्रम तर्जुमा समिति स्थानीय सरकार सञ्चालन ऐन २०७४ को अधिनमा रही गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा तपसिल बमोजिमका कार्य सञ्चालन गर्न गाउँ कार्यपालिकामा कार्यरत जनशक्तिको योग्यता, सिप तथा अनुभवले सम्पन्न गर्न नसकिने देखिएकाले परामर्श सेवा खरिद गर्नु पर्ने हुँदा गाउँपालिकाले निर्माण गरेको कार्यक्षेत्रगत शर्त (TOR) तथा लागत अनुमान पारित गरी उक्त कार्य गर्न प्रचलित ऐन, नियमको अधिनमा रही आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण |
|---|---|
| १. | Consulting Services for Preparation of Feasibility and Detailed Project Report (DPR) Of Compact Rural Settlement at Ward No-03 Chyakhu and Ward No-02, Meta Of Narpa Bhumi Rural Municipality. |
| २. | Feasibility Study of Chya Chya River Bridge |
| ३. | नार्पा भूमि गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण । |

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा नार्पा भूमि गाउँकार्यपालिकाको कार्यालयले निर्माण गरेको जनप्रतिनिधि तथा कर्मचारीको सामूहिक दुर्घटना विमा कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

CS Scanned with CamScanner

CS CamScanner

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा नार्पा भूमि गाउँपालिकाको शिक्षा क्षेत्र पञ्चवर्षीय योजना २०८१/०८२-२०८५/०८६) कार्यालयले तयार गरि गाउँ कार्यपालिका समक्ष पेश भएको हुँदा उक्त योजना पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस नार्पा भूमि गाउँपालिका अन्तर्गतका विद्यालयहरूमा कक्षा १ देखी ५ सम्मको लागि स्थानीय पाठ्यक्रम निर्माण गर्ने र नार्पा संस्कृति उत्थानका लागि पालिकाका ईच्छुक नागरिकहरुलाई शाब्दु नाच गान प्रशिक्षण प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा हालसम्मको सैद्धान्तिक बेरुजु तथा लगती बेरुजु फछ्र्यौटका लागि सम्बन्धित व्यक्ति तथा संस्थालाई पत्राचार गर्ने र पत्राचार गरेको ३५ दिनभित्रमा समेत प्रतिक्रिया नआएमा खाईपाई आएको तलब भत्ता तथा सेवा सुविधाबाट कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर छलफल गर्दा गाउँपालिका तथा वडास्तरीय नागरिक वडापत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ उपर छलफल गर्दा योजना फरफारक सम्बन्धमा वडा स्तरीय अनुगमन समिति र पालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन अनिर्वाय हुनुपर्ने तथा डोर हाजिर वडा अध्यक्षवाट प्रमाणित हुनुपर्ने र आयोजनाका फोटाहरु उपभोक्ता समितिको अध्यक्ष वा कोष अध्यक्ष वा सचिववाट प्रमाणित हुनुपर्ने निर्णय गरियो ।

KARMA

Scanned with CamScanner

**निर्णय नं. १२**

प्रस्ताव न. १२ उपर छलफल गर्दा गाउँपालिकाको अपाङ्गता परिचयपत्र वितरण सम्बन्धी कार्यविधि अनुसार तपसिल बमोजिमको अपाङ्गता परिचयपत्र वितरण समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | मेङ्मर फून्चो लामा | संयोजक |
| २ | छिउदा गुरुङ | सदस्य |
| ३ | शेर वहादुर वि.क. | सदस्य |
| ४ | सोनाम छेटे घले | सदस्य |
| ५ | स्थानीय प्रहरी प्रमुख | च्याँखु प्रहरी चौकी प्रमुख |
| ६ | छिरिङ खाम्सुङ लामा | सदस्य |
| ७ | गिता बुढा | सदस्य |
| ८ | सांगी धावा लामा | सदस्य |
| ९ | छिरिङ युटेन लामा | सदस्य |
| १० | टसी सोनाम लामा | सदस्य |

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ उपर छलफल गर्दा सशस्त्र प्रहरी वल, नेपाल नं. ३२ गुल्म हे.क्वा. मनाङ को प.सं. ०८१।०८२, च.नं. ४१३, मिति : २०८१।११।११ गतेको पत्रानुसार ब्यारेक भवन निर्माण गर्दा सामाग्रीहरु खरिद वापत खर्च भएको रकम रु. ७७५००।०० (अक्षरुपी : सतहत्तर हजार पाँच सय मात्र) माग भई आएको हुँदा उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

## निर्णय नं. १४

प्रस्ताव नं. १४ उपर छलफल गर्दा गाउँपालिकाको प्राविधिक शाखाबाट पेश भएको जिल्ला भित्रका स्थानहरुको दुरी (कोपमा) पारित गर्ने निर्णय गरियो ।

| सि.नं. | शुरु स्थान | सम्म | दुरी कोषमा |
|---|---|---|---|
| १ | कोतो चामे | मुनिखोला, नार्पाभूमि २ | २ कोष |
| २ | कोतो चामे | छ्या छ्या, नार्पाभूमि २ | २.५ कोष |
| ३ | कोतो चामे | हुलाकि ओडार | ४ कोष |
| ४ | कोतो चामे | धर्मशाला, नार्पाभूमि २ | ५ कोष |
| ५ | कोतो चामे | मेता, नार्पाभूमि २ | ६.५ कोष |
| ६ | कोतो चामे | च्याखु, नार्पाभूमि ३ | ११ कोष |
| ७ | कोतो चामे | महेन्द्रपुल, नार्पाभूमि १ | ८ कोष |
| ८ | कोतो चामे | नार गाउ, नार्पाभूमि १ | १२ कोष |
| ९ | कोतो चामे | क्याङ, नार्पाभूमि ४ | १४ कोष |
| १० | कोतो चामे | फू गाउ, नार्पाभूमि ४,५ | १७ कोष |
| ११ | कोतो चामे | हिमलुङ वेसक्याम्प, नार्पाभूमि ५ | १९ कोष |
| १२ | कोतो चामे | नम्गो खर्क, नार्पाभूमि ५ | १५ कोष |
| १३ | कोतो चामे | क्याङछिमि पास, नार्पाभूमि ५ | २२ कोष |
| १४ | कोतो चामे | तेरिला पास, नार्पाभूमि १ | २२ कोष |

## निर्णय नं. १५

प्रस्ताव नं. १५ उपर छलफल गर्दा तपसिल बमोजिमको स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | संयोजक |
| २ | श्री लाक्पा छेवाङ लामा | सदस्य |
| ३ | श्री डा. दिवाकर कोईराला | सदस्य |
| ४ | श्री सुनिता घलाङ(९८४३९७०५४३) | सदस्य |
| ५ | सोनाम छेटे घले | सदस्य |
| ६ | फून्चोक पासाङ लामा (९८४६७८६७१३) | सदस्य |
| ७ | माधव प्रसाद लामिछाने | सदस्य |
| ८ | शुशिल लम्साल | सदस्य सचिव |

Scanned with CamScanner
CamScanner

**निर्णय नं. १६**

प्रस्ताव नं. १६ उपर छलफल गर्दा नार्पा भूमि गाउँपालिका वडा नं. २ स्थित मेना माथि रहेको काङ्गा गुरु हिमाल आरोहण खुल्ला गर्न सम्वन्धित तालुक निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ उपर छलफल गर्दा २० लाख भन्दा माथिका योजनाहरु उपभोक्ता समितिसँग सम्झौता नगर्ने, ठेक्का वा कोटेशनवाट सम्पन्न गराउने निर्णय गरियो ।

**निर्णय नं. १८**

प्रस्ताव नं. १८ उपर छलफल गर्दा मोटरसाईकल वर्कशप गाउँ कार्यपालिकाले सिफारिस गरेको वडा नं. २ निवासी श्री कार्मा छिरिङ लामा लाई तालिममा संलग्न गराउने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रस्ताव नं. १९ माथि दफावार छलफल गर्दा नार्पा भूमि गाउँपालिकाको गाउँ सडक योजना निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

प्रस्ताव नं. २० माथि दफावार छलफल गर्दा नार्पा भूमिको इतिहास तथा विकास अध्ययन गर्नका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २१**

प्रस्ताव नं. २१ माथि दफावार छलफल गर्दा नार्पा भूमि गाउँपालिकाको कृषि सम्भाव्यता अध्ययन गर्नको लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. २२**

प्रस्ताव नं. २२ माथि दफावार छलफल गर्दा नार्पा भूमि गाउँपालिकामा कार्यरत डोजर अपरेटर श्री दल वहादुर तामाङ ले छोडेको हुँदा उक्त पदमा नयाँ कर्मचारी करार सेवामा भर्ना प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

Scanned with CamScanner

CamScanner

आज मिति २०८१ फागुन १४ गते बुधबार यस नार्पा भूमि गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयका अध्यक्ष, श्री कोन्जो तेन्जीङ लामा ज्यूको अध्यक्षतामा बसेको बैठकको उपस्थिति तपसिल बमोजिम रह्यो ।

**तपसिल**

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कोन्जो तेन्जीङ लामा | गाउँ कार्यपालिका अध्यक्ष | |
| २ | श्री मेङमर फुन्चो लामा | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३ | श्री सोनाम तेजे लामा | वडा अध्यक्ष वडा नं. ५ | |
| ४ | श्री फूर्पा ठेले लामा | वडा अध्यक्ष वडा नं. १ | |
| ५ | श्री फुन्चोक वाङगे लामा | वडा अध्यक्ष वडा नं. २ | |
| ६ | श्री लाक्पा छेवाङ लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ७ | श्री कर्म ग्यान्जे लामा | वडा अध्यक्ष वडा नं. ४ | |
| ८ | श्री डोल्मा छिरिङ लामा | गाउँ कार्यापालिका सदस्य | |
| ९ | श्री फूर्पा याङ्जेन लामा | गाउँ कार्यापालिका सदस्य | |
| १० | श्री लाक्पा वुटि लामा | गाउँ कार्यापालिका सदस्य | |
| ११ | श्री छिउदा गुरुङ | गाउँ कार्यापालिका सदस्य | |
| १२ | श्री नाङसाङ वुटी घले | गाउँ कार्यापालिका सदस्य | |
| १३ | श्री पासाङ ढण्डी घले | गाउँ कार्यापालिका सदस्य | |
| १४ | श्री लक्ष्मण गौली | सदस्य सचिव | |
| अन्य उपस्थिति | | | |
| १५ | श्री बीरेन्द्र सिं बोहरा | एम.आई.एस.अपरेटर | |
| १६ | नन्दकिशोर साह | सब-ई | |
| १७ | नर्जित रावल | अ.सब- ई | |

१८. शार्दा शाही अ. सब- ई

प्रस्तावहरु :

१ गाउँ कार्यपालिका बैठकको सातौं तथा यस अघिका बैठकको कार्य प्रगति एवं समिक्षा सम्बन्धमा ।

२ सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागु गर्ने सम्बन्धमा ।

३ समपुरक तथा विशेष अनुदान सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको सातौं तथा यस अधिका बैठकको एवं विगतमा बसेका बैठकका निर्णयहरुको कार्यान्वयन सम्बन्धमा समिक्षा गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ उपर छलफल गर्दा नार्पा भूमि गाउँपालिकाको सम्पत्ति सुरक्षा र संरक्ष, सम्पत्तिको प्रायोजमा पारदर्शिता, न्यायसंगत वितरण, वित्तीय पारदर्शिता कायम गर्न गाउँपालिका बाट तालिम संचालन भईसकेको हुँदा गाउँपालिकाको खरिदमा पूर्णरुपमा र मर्मत तथा अन्य क्षेत्रमा पनि अनलाईनमा आधारित महालेखा नियन्त्रकको कार्यालयले संञ्चालनमा ल्याएको सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) क्रमिक रुपमा लागु गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा राष्ट्रिय योजना आयोग, सिंहदरवारको मिति २०८१।११।०९ गतेको सूचना अनुसार तपसिल बमोजिमका योजनाहरु प्राथमिकताका आधारमा माग गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | योजना तथा कार्यक्रम | अनुमानित लागत | प्राथमिकता नं. | कैफियत |
|---|---|---|---|---|
| | **समपुरक** | | | |
| १. | गाउँपालिका केन्द्र जोड्ने सडक योजना | | १ | |
| २ | नार गाउँ लघु जलविद्युत प्रसारण योजना | | २ | |
| ३ | पर्यटन पदमार्ग निर्माण (मेता-नामक्या खर्क-क्यूपार कोतो) योजना | | ३ | |
| | **विशेष** | | | |
| १ | च्याँखु एकीकृत वस्ती विकास योजना | | १ | |
| २ | जडीबुटी खेती परियोजना-उपी जिम्बु योजना | | २ | |
| ३ | नारफू ट्रायल तथा पालिका भित्रका विभिन्न स्थानमा फोहर व्यवस्थापन खाडल तथा डस्टबिन योजना | | ३ | |

CS Scanned with CamScanner

CamScanner